**Janapriya Journal of Interdisciplinary Studies (Jjis)**
[A Peer-Reviewed Open Access Journal; Indexed in NepJOL]
ISSN: 2362-1516 (Print), ISSN: 2773-8000 (Online)
Published by Janapriya Research and Consultancy Center (JRCC)
Janapriya Multiple Campus, Pokhara
Journal Homepage: www.janapriya.edu.np

# भानुभक्तको रामायणमा वेदान्तदर्शन

**प्रमोद पंज्ञानी**
*नेपाली विभाग, त्रिभुवन आदर्श बहुमुखी क्याम्पस, स्याङ्जा*

***Article History :*** *Submitted 16 Jul. 2022; Reviewed 22 Aug. 2022; Accepted 08 Nov. 2022*
***Corresponding Author :*** *Pramod Pangyani,* ***Email :*** *panganipramod397@gmail.com*
***DOI :*** *10.3126/jjis.v11i1.53918*

## सार

*प्रस्तुत लेखमा पूर्वीय आस्तिक दर्शनअन्तर्गत पर्ने वेदान्तदर्शन र यसका मूल मान्यताहरूलाई सङ्क्षिप्तमा चिनाई त्यसैका आलोकमा कवि भानुभक्त आचार्यको रामायण महाकाव्यमा पाइने वेदान्तदर्शनको खोजी गरिएको छ । यस क्रममा उक्त काव्यकृतिभित्र रहेका केही काव्यांशलाई प्रतिनिधि रूपमा लिई तिनमा प्रयुक्त वेदान्त दर्शनलाई नियालिएको छ । अध्ययन विश्लेषण गर्ने क्रममा भानुभक्तको रामायण महाकाव्यभित्रका चयनित कवितांशहरूमा वेदान्तदर्शनको मान्यता अनुरुपका मूलभूत पक्षहरूको प्रयोग सहज एवम् स्पष्ट रूपले हुन गएको देखाइएको छ । अन्त्यमा भानुभक्तको रामायण महाकाव्य वेदान्तदर्शनका दृष्टिले महत्त्वपूर्ण एवम् अध्येय रहेको र वेदान्तदर्शनको प्रयोग नै विवेच्य महाकाव्यको रचनात्मक विशिष्टता हो भन्ने निचोड दिने काम भएको छ । यसमा पुस्तकालय स्रोतद्वारा सामग्री सङ्कलन गरिएको छ भने मूलत : निगमनात्मक पद्धतिमार्फत व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।*

**मुख्यशब्दहरू** : आत्मा, जीव, ब्रह्म, भानुभक्तको रामायण, मोक्ष, वेदान्तदर्शन ।

## विषयपरिचय

भानुभक्त आचार्य (वि.सं. १८७१- १९२५) नेपाली कविताको प्राथमिककालीन भक्ति धाराका केन्द्रीय प्रतिभा मानिन्छन् । मूलतः काव्यकारका रूपमा परिचित आचार्यले रामायण महाकाव्यका साथै प्रश्नोत्तर, भक्तमाला, बधूशिक्षा, रामगीता जस्ता काव्यकृति रचना गरेको देखिन्छ । भानुभक्तको रामायण रामानन्दद्वारा संस्कृत भाषामा लिखित अध्यात्म रामायणको अनूदित कृति मानिन्छ । उनको यो कृति अनूदित भएपनि पूरै शब्दानुवादका रूपमा नरही भावानुवादका रूपमा आएको छ (पौडेल, २०७३, पृ. ५०) । त्यस्तै यस महाकाव्यमा भानुभक्तलेअध्यात्म रामायणको संरचनालाई पनि दुरुस्त अपनाएको देखिन्न । भानुभक्तको रामायण नेपाली काव्य सिर्जनपरम्परामा रचनागत दृष्टिले पहिलो महाकाव्यधर्मी काव्यकृतिका रूपमा देखिएको छ (शर्मा, नेपाल, २०५९, पृ. ४९ र अधिकारी, २०६६, पृ. ५६) । भानुभक्त आचार्यले

*Copyright 2022 © the Author(s) and the Publisher*

लामो साधना पश्चात् रामायण महाकाव्यलाई पूर्णता दिएको देखिन्छ। उनले वि.सं. १८९५ देखि यसको लेखन आरम्भ गरेर वि.सं. १९१९ मा समाप्त गरेका हुन् (प्रसाई, २०७४, पृ. ५६)। आचार्यले अध्यात्म रामायणको प्रभावबाट लोकले रुचाउने शैलीमा यस काव्यको रचना गरेको पाइन्छ। यसमा मानवका लागि मनोरञ्जन दिनेमात्र नभएर विविध वैचारिक चेतनासमेत अभिव्यक्त भएको पाइन्छ। भानुभक्त पूर्वीय दर्शनको अध्येता र आफैमा दार्शनिक चेत भएका कवि मानिन्छन् (गौतम, २०७५, पृ. १३९)। यसर्थ उनका काव्यकृतिमा दार्शनिक चेतना प्रकट हुनु स्वाभाविक ठान्न सकिन्छ। यसै सन्दर्भमा भानुभक्तको रामायण वेदान्तदर्शन प्रयोग भएको कृतिका रूपमा रहन गएको देखिन्छ। यसैले पनि भानुभक्तको रामायण लाई विश्लेषण गर्ने विभिन्न आधारहरू मध्ये वेदान्तदर्शन एक ठहरिन आउँदछ। अतः भानुभक्तको रामायणमा वेदान्त दर्शनको प्रयोग के कस्तो छ भन्ने सन्दर्भलाई नै यस लेखमा अध्ययनको मूल विषय बनाइएको छ। यसबाहेक उक्त कृतिमा प्रयुक्त अन्य पक्षहरूको खोजी नहुनु यो लेखको सीमा हो।

## समस्या तथा उद्देश्य

कृति विश्लेषणका विभिन्न आधारमध्ये वेदान्तदर्शन प्रयोगका दृष्टिले भानुभक्तको रामायण महाकाव्य कस्तो देखिन्छ ? भन्ने प्रश्न नै यस लेखको मूल समस्या हो भने त्यसको प्राज्ञिक समाधानलाई यसले आफ्नो उद्देश्य बनाएको छ।

## पूर्वकार्यको समीक्षा र लेखको औचित्य

भानुभक्तको रामायण महाकाव्यमा केन्द्रित रहेर साधारण लेखदेखि विशिष्ट तहका पर्याप्त अध्ययन अनुसन्धान भएको पाइन्छ। ती सबै अध्ययन सामग्रीलाई यहाँ प्रस्तुत गर्न असम्भव रहेकोले यस लेखका सन्दर्भमा महत्त्वपूर्ण ठानिएका पूर्वकार्यको छोटो समीक्षा प्रस्तुत गरिएको छ।

साझा प्रकाशनद्वारा प्रकाशित भानुभक्तको रामायणको 'प्रकाशकीय' (२०३९) मा यसलाई नेपाली साहित्यको महत्त्वपूर्ण भक्तिपरक काव्यकृतिका रूपमा चर्चा गरिएको छ।

ठाकुर पराजुली (२०५२) ले काव्य समालोचना नामक ग्रन्थमा 'नेपाली साहित्यका प्रथम अधिष्ठाता भानुभक्त र उनको रामकथा' शीर्षकको लेख लेखेका छन्। पराजुलीले उक्त लेखमा भानुभक्तको रामकथा जनजनमा लोकप्रिय रहेको उल्लेख गरी मूलतः पूर्वीय दर्शनलाई व्यवहारिक सरलतामा ढाल्नु नै भानुभक्तको रामायणको विशेषता रहेको निष्कर्ष निकालेका छन्। उनको निष्कर्ष यस अध्ययनका सन्दर्भमा मननीय देखिन्छ।

नेपाली महाकवि र महाकाव्य (२०५९) नामक ग्रन्थमा विनयकुमार शर्मा नेपालले भानुभक्तको रामायणमा भगवान रामप्रतिको भक्तिभावका साथै पूर्वीय आध्यात्मिक दर्शन देखापरेको चर्चा गरेका छन्। शर्मा नेपालले महत्त्वपूर्ण विषय उठाए पनि उनको यो अध्ययन वस्तुपरक नभएर परिचयात्मक देखिएको छ।

मेघराज ढकाल (२०६८) ले भक्तिकालीन नेपाली काव्यमा दार्शनिक चेतना नामक विद्यावारिधि शोधप्रबन्धमा भानुभक्तको रामायणमा पूर्वीय आध्यात्मिक दर्शनको प्रभाव रहेको व्याख्या गरेका छन्। अत्यन्त गहनतासाथ गरिएको उनको यो अध्ययन सान्दर्भिक देखिन्छ।

दीपक गौतम (२०७०) ले केही नाटक र काव्य समालोचना नामक पुस्तकमा भानुभक्तको रामायणको अध्ययन गर्ने क्रममा यसमा पूर्वीय दर्शनको प्रयोग भएको सङ्केतमात्र गरेका छन्। उनको यो अध्ययन दार्शनिक पक्षमा नभइ अन्य पक्षमा केन्द्रित रहेको पाइन्छ। दीपक गौतम (२०७५) ले नै महाकाव्य अध्ययन नामक पुस्तकमा भानुभक्तको रामायण

लाई नेपाली महाकाव्यको रूपमा अध्ययन गरी यसमा अध्यात्मदर्शन प्रस्तुत हुन आएको चर्चा गरेका छन् । उनले यहाँ महाकाव्यभित्र देखिने विभिन्न पक्षहरूलाई नियाल्ने क्रममा उक्त चर्चा गरेको देखिन्छ। गौतमको अध्ययन दर्शन पक्षमा नभइ महाकाव्यमा पाइने अन्य पक्षमा केन्द्रित छ।

रजस्थल (२०७०) मा टङ्क पन्थको 'भानुभक्तीय काव्यप्रवृत्तिका विविध आयाम' शीर्षकको लेख प्रकाशित छ। यस लेखमा आध्यात्मिक चेतना भानुभक्तीय काव्यको मूल प्रवृत्ति रहेको र यो प्रवृत्ति उनको रामायण काव्यकृतिमा ज्वलन्त रूपले देखापरेको व्याख्या गरिएको छ । पन्थले यहाँ महत्त्वपूर्ण विषय उठान गरेपनि विश्लेषण संक्षिप्त भएकोले यस अध्ययनमा उक्त भनाइको सन्तोषजनक पुष्टि हुन सकेको छैन।

मुकुन्द शर्मा चालिसेले हाम्रो पुरुषार्थ (२०७०) मा प्रकाशित 'भानुभक्तको रामायणः भक्तिकाव्य' शीर्षकको लेखमा भानुभक्तको रामायण भक्ति काव्यको नमुना रहेको उल्लेख गर्दै यसमा अध्यात्म रामायणको ज्ञान वा वेदान्त पक्षको विषयलाई भक्तिभावमा मिसाएर प्रस्तुत गरिएको ठहर गरेका छन् । शर्माको यस्तो ठहर भएपनि उनले यो ठम्याइलाई आवश्यक विश्लेषण र तर्कसाथ पुष्टि गरेको भने देखिन्न।

राजेन्द्र विमल (२०७४) ले भानु विमर्श भित्र रहेको 'मैथिलीमा रामकाव्यको परम्परा, भानुभक्तीय रामायण र विदेह दर्शन' शीर्षकको लेखमा भानुभक्तको रामायणमा विदेह दर्शनको प्रयोग भएको व्याख्या गरेका छन् । विदेह दर्शनको खास स्वरूप र यसको भानु रामायणमा देखिएको प्रयोग सन्दर्भलाई भने यस लेखले स्पष्ट पार्न सकेको देखिन्न।

यसरी विभिन्न लेखक तथा समालोचकहरूद्वारा भानुभक्तको रामायण महाकाव्यलाई विविध कोणबाट अध्ययन, विश्लेषण गरिए पनि तिनमा उक्त काव्यभित्र पाइने दार्शनिक पक्षलाई सामान्य सङ्केतमात्र गरिएको देखिन्छ साथै भएका अध्ययन पनि वस्तुपरक देखिन्नन्। त्यसमा पनि अझ वेदान्त दर्शनमा मात्र केन्द्रित भएर यस काव्यकृतिको अध्ययन गरिएको स्थिति भेटिन्न । यस अवस्थामा भानुभक्तको रामायण महाकाव्यमा प्रयुक्त वेदान्त दर्शनको वस्तुगत अध्ययन गरी उक्त काव्यकृतिभित्र पाइने रचनात्मक विशिष्टतालाई देखाउने काम यस लेखमा भएको छ। प्रस्तुत शोधलेखको खास औचित्य पनि यही हो।

## अध्ययन विधि

लेखको आधार सामग्री भानुभक्तको रामायण महाकाव्य कृति हो। यो प्राथमिक स्रोतको सामग्री हो भने यसको व्याख्या विश्लेषणका क्रममा उपयोग गरिएका अन्य कृतिहरू द्वितीयक स्रोतका सामग्री हुन। यी दुवै सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ। वेदान्तदर्शनका मूल मान्यतालाई महाकाव्य विश्लेषणको सैद्धान्तिक आधारका रूपमा लिई त्यसैका आलोकमा भानुभक्तको रामायणभित्र वेदान्तदर्शनलाई खोज्ने, केलाउने विधि अपनाइएको छ। कृतिगत सन्दर्भ दिने क्रममा तथा अन्य प्राविधिक सन्दर्भमा ए. पी. ए. पद्धतिको अनुसरण गरिएको छ।

## दर्शन र साहित्यबिचको सम्बन्ध

दर्शन र साहित्य आफैमा अलग विधा हुन्। यसो भएरपनि फेरि यी दुईबिच आपसी सम्बन्ध रहेकै देखिन्छ। दर्शनले जीवन जगत्लाई सघन किसिमले विश्लेषण गर्छ भने साहित्यले पनि जीवनलाई नै नियाल्छ। बरु फरक के देखिन्छ भने दर्शनमा बुद्धि पक्ष र साहित्यमा हृदयपक्ष प्रधान रहन्छ। वास्तवमा साहित्य कुनै न कुनै दर्शनको भित्तिमै अडिएको देख्न सकिन्छ। साहित्यमा दर्शन एकै ठाउँमा केन्द्रित भएर वा छरिएर जुनसुकै तरहले प्रस्तुत भएकै हुन्छ। साहित्य भावना वा

संवेग जुनसुकै धरातलमा नाचे पनि यसको नशा नशामा दर्शन बगेकै हुन्छ (गिरी, २०५५, पृ. ८) । उता दर्शन बुद्धिप्रधान रहदारहँदै पनि आखिर साहित्यकै जस्तो जीवन जगत्को चिन्तन र व्याख्या यसको मूल ध्येय हुनेहुँदा दर्शनमा साहित्य घुसेकै हुन्छ। दर्शन र साहित्य दुवैको उद्धेश्य त आखिर सत्यको सन्धान नै हो । यसैले पनि साहित्य दर्शन निरपेक्ष र दर्शन साहित्य निरपेक्ष रहन सक्दैन (चालिसे, २०७५, पृ. ८६) । जीवन जगत्लाई नियाल्दै गर्दा यी दुवै आपसी अस्तित्वमै अडिएका हुन्छन्। दर्शनको प्रभाव साहित्यका सबै विधामा रहन्छ। जीवनको विपुलता प्रकट हुने महाकाव्यमा दर्शन प्रयोग हुनु त झन् स्वाभाविक नै मानिन्छ।

## वेदान्तदर्शनको सङ्क्षिप्त परिचय

वेदलाई आधार मानेर उत्पत्ति र विकास भएका पौरस्त्य षड्दर्शनमध्ये वेदान्तदर्शन एक हो । वदान्तदर्शनको मूलस्रोत या आधार वेद र उपनिषद् मानिन्छन् । ऋग्वेद, ऐतरेयोपनिषद् (३।३) को प्रज्ञानं ब्रह्म, शुक्लयजुर्वेद, बृहदारण्यकोपनिषद् (१।४।१०) को अयमात्मा ब्रह्म, सामवेद छान्दोग्योपनिषद् (६।८।७) को तत्त्वमसि र अथर्ववेद, माण्डूक्योपनिषद् (१।२) को अहं ब्रह्मास्मिलाई वेदका चार महावाक्य ठानिन्छ र यिनै चार उपनिषदीय महावाक्यमा आधारित दर्शनलाई वेदान्तदर्शन (चट्टोपाध्याय, सन् २०१०, पृ. ७७) भनी व्याख्या गरिएको पाइन्छ।

वेदान्तदर्शनका प्रवर्तक वा आदिव्याख्याता भगवान वादरायण मानिन्छन्। वेदान्तदर्शनसम्बन्धी उनको मूलसूत्रलाई ब्रह्मसूत्र वा वेदान्तसूत्र भनिन्छ (सहाय, सन् २०१४, पृ. ५३५) । वेदमा प्रतिपादित कर्म, उपासना र ज्ञानकाण्डमध्ये खासमा ज्ञानकाण्डलाई वेदान्त मानिन्छ जुन वेदको अन्तिम सार वा निचोड हो (प्रभात, २०७०, पृ. २७६) । पौरस्त्य दर्शनको प्रतिनिधि दर्शनका रूपमा समेत रहेकाले यसलाई वेदान्त शिरोमणि मानिएको पाइन्छ (राधाकृष्णन, सन् २०० ९, पृ. ५७६) । वेदान्तदर्शनलाई अध्यात्मविद्या, पराविद्या, मधुविद्या, ब्रह्मविद्या आदि नामले पनि चिनिन्छ। यो पूर्णतः आस्तिक, आध्यात्मिक, ईश्वरवादी एवम् वेदवादी दर्शन हो (चालिसे, २०७५, पृ. ३४) । वेदान्तदर्शनका विभिन्न शाखा या सम्प्रदायमध्ये आदिशङ्कराचार्यद्वारा प्रतिपादित अद्वैत वेदान्त सर्वप्रचलित वेदान्तदर्शनका रूपमा रहिआएको पाइन्छ। वेदान्तदर्शनमा निश्चित, आधारभूत मान्यताहरू प्रतिपादित देखिन्छ। खास गरेर ब्रह्म, जीव, माया, ईश्वर, जगत्, मोक्ष वेदान्तदर्शनका मूल प्रतिपाद्य विषय हुन् (गौतम, २०७९, पृ. १५५) । यसका साथै प्रमाण, आत्मा, धर्म, पुनर्जन्म, दुःख यस दर्शनका अन्य विषय मानिएका छन्। जीव र ब्रम्हको एकतापरक ज्ञान अर्थात् ब्रह्म तथा आफूलाई एउटै शक्ति मानेर परमपद मोक्ष प्राप्त गर्न अभिप्रेरित गर्नु वेदान्तदर्शनको मूल लक्ष्य रहेको पाइन्छ।

वेदान्तदर्शनमा प्रतिपादित मान्यताहरूमध्ये ब्रह्मसम्बन्धी मान्यता एक हो। वेदान्तमा आत्मालाई ब्रह्मका नामले चिनाइएको छ। यसमा ब्रह्मलाई चैतन्य चेतन मान्दै यसको सूक्ष्म व्याख्या विश्लेषण भएको पाइन्छ। वेदान्तदर्शनका अनुसार ब्रह्म अनिर्वचनीय वा अव्याख्येय छ । ब्रह्मलाई उपनिषद्मा 'नेतिनेति' (न इति न इति) भनेर यसलाई जान्न नसकिने तत्त्वका रूपमा मानिएको छ (गौतम, २०७९, पृ. १५५) । यस्तै वेदान्तदर्शनले ब्रह्म सच्चिदानन्द स्वरूप छ जसलाई शब्दले प्रकाश पार्न नसकिने मान्यता राखेको पाइन्छ । 'सत्चित्ब्रह्म'को व्याख्या गर्दै वेदान्तदर्शनले सत् भनेको सत्य हो, चित् भनेको चैतन्य हो र ब्रह्म भनेको चेतन स्वरूप हो जड होइन भन्ने मत प्रस्तुत गरेको देखिन्छ। वेदान्तका अनुसार ब्रह्म अजर, अमर छ र यो सुख र दुःखको अनुभूतिभन्दा माथि छ (गिरी, २०५५, पृ. ५६)। ब्रह्म अनादि, अनन्त हो, यो नै सत्य हो आँखाले देख्ने जगत् वा संसार भनेको त केवल आभास या भ्रम हो, ब्रह्ममात्र अस्तित्ववान् छ, ब्रह्म नै स्रष्टा हो, ब्रह्म नै सृष्टि हो, यो नै शास्वत, सर्वव्यापी र सर्वज्ञ हो (सहाय, सन् २०१४, पृ. ५३६) भन्ने मत यस दर्शनले राख्दछ। वेदान्तले भौतिक संसार झुठो र ब्रह्म एकमात्र सत्य ठानी अरु सबै असत्य हो अर्थात् ब्रह्म सत्यं जगन्मिथ्या भन्ने मान्यता प्रस्तुत

गरेको देखिन्छ (प्रश्रित, २०६९, पृ. ५०) । उपर्युक्त सन्दर्भलाई हेर्दा ब्रह्म आनन्दमय र पूर्ण दिक्‌कालातीत छ भन्ने भन्ने मत वेदान्तदर्शनमा रहेको बुझिन्छ ।

वेदान्तदर्शनले प्रतिपादन गरेका मान्यतामध्ये जीवसम्बन्धी मान्यता अर्को हो । यसले जीवलाई आत्माकै एउटा स्वरूप मानी जीवको अस्तित्वलाई स्वीकारेको पाइन्छ । जीव नै ब्रह्म हो, शरीर इन्द्रिय र मनरूपी आवरणले जतिबेला आत्मालाई छोप्छ वा ढाक्छ त्यतिबेला आत्मालाई जीव भनिन्छ (गिरी, २०५५, पृ. ५६) । हामीलाई अज्ञान वा अविद्याको पर्दाले छोपेको छ । यही अज्ञान वा अविद्याका कारण जीव र आत्माको भेदलाई छुट्ट्याउन नसकिने (चट्टोपाध्याय, सन् २०१०, पृ. १०१) ठान्दै जीवको व्यवहारिक सत्ता र आत्माको पारमार्थिक सत्ता रहेको मान्यता वेदान्तदर्शनमा पाइन्छ ।

वेदान्तदर्शनमा रहेको अर्को मान्यता माया हो । सत्यलाई छोपेर असत्यको रूपमा प्रतिस्थापित गर्ने तत्त्वलाई वेदान्तमा माया भनिएको पाइन्छ । माया अज्ञान वा अविद्याबाट उत्पन्न हुन्छ (गिरी, २०५५, पृ. ५७) । नानारूपात्मक ढङ्गले मायाले नै जगत्‌लाई प्रदर्शित गराउने हुँदा माया नै असत्य जगत्‌को कारण हो । वेदान्तदर्शनका अनुसार जीवमा रहने अविद्यारूपी मायाका कारण नै ब्रह्मको रूपलाई चिन्न नसकिने र मायारूपी पर्दा (आवरण) हटेपछि मात्र चैतन्य स्वरूप ब्रह्मको वास्तविकतालाई जान्न सकिन्छ । यसका निम्ति ज्ञानसंगै सत्‌कर्म पनि आवश्यक हुन्छ भन्ने मान्यता यस दर्शनमा पाइन्छ । वेदान्तले ईश्वरका सम्बन्धमा पनि आफ्नै खालको मत राखेको छ । यसले ईश्वरलाई जगत्‌को सृष्टिकर्ता ठानी सृष्टि, स्थिति र संहारको कारण मानेको देखिन्छ । वेदान्तदर्शनले सगुण साकार, सगुण निराकार र निर्गुण निराकार गरी ईश्वरका तीनवटा भेद हुने र ईश्वर सर्वज्ञ, सर्वव्यापी अन्तर्यामी र एक रहेको मान्यता राख्छ (गिरी, २०५५, पृ. १३२) । अज्ञानताको आवरणबाट मुक्त भएका ब्रह्मज्ञानीहरूले ईश्वरका उक्त तीनवटै रूपको दर्शन गर्न सक्छन् भन्ने मत वेदान्तदर्शनको देखिन्छ ।

वेदान्तदर्शनमा मोक्षका बारेमा पनि सघन व्याख्या गरिएको पाइन्छ । यस दर्शनमा जीव र ब्रह्मको एकाकार हुनुलाई मोक्ष ठानिएको छ । वेदान्तदर्शनले वेदविहित कर्मलाई धर्म मानेर त्यस धर्माचरणबाट मोक्षको बाटो पहिल्याउन सकिने बताएको छ (गौतम, २०६९, पृ. १५८) । जीव/जीवात्मा, मोक्ष, ज्ञान र कर्मका बारेमा सूक्ष्म विश्लेषण गरिएको वेदान्त दर्शनमा ज्ञानका माध्यमबाट मोक्षको उपाय खोजिएको हुन्छ । यसले अज्ञान वा अविद्यालाई दुःखको कारण ठान्दै अज्ञानले मानिसलाई भ्रममा पार्ने हुँदा उक्त असत्यको भ्रमलाई ज्ञान वा विद्याले मात्र हटाउने र मोक्ष वा मुक्तिको मार्ग खुलाउने चिन्तन राखेको देखिन्छ । यस्तै वेदान्तदर्शनले पुनर्जन्ममा विश्वास राखेको देखिन्छ । यस दर्शनका अनुसार पुनर्जन्म हुन्छ र अघिल्लो जन्मको कर्मको फल अर्को जन्ममा भोग्नुपर्छ साथै पुनर्जन्मको स्वरूप कर्मले निर्धारण गर्दछ ।

यसरी वेदान्तदर्शनका मान्यता र तात्पर्यले व्यापकता लिएको देखिन्छ । यसमा आध्यात्मिक जगत्‌का सम्पूर्ण सत्यहरूको जानकारी गराउने काम भएको पाइन्छ । यहाँ जगत्‌को सृष्टिदेखि संहारसम्म अनि आत्मादेखि मोक्षसम्मको रहस्यका बारेमा सूक्ष्मातिसूक्ष्म चिन्तन मनन भएको पाइन्छ । वास्तवमा मानिसलाई सत्‌कर्मको बाटोमा हिड्न प्रेरित गरी भौतिक मोहबाट पनि छुटाउने प्रयत्न गर्दै आध्यात्मिक चिन्तनतर्फ प्रवृत्त गराएर सन्तोषमय जविन बाँच्नका लागि मार्ग प्रशस्त गरी यस दुःखमय संसारबाट मुक्ति दिलाउनु नै वेदान्तदर्शनको मूल अभिष्ट रहेको प्रतीत हुन्छ । वेदान्तदर्शनका यिनै मान्यताहरू भानुभक्तको रामायण महाकाव्यमा पनि देखापरेको पाइन्छ । यसर्थ यहाँ वेदान्तदर्शनका कोणबाट यस काव्यकृतिको विश्लेषण गरिएको छ ।

## मुख्य सन्दर्भ र विश्लेषण

भानुभक्तको रामायण महाकाव्यभित्रका विविध सन्दर्भमा वेदान्तदर्शनसम्बद्ध अभिव्यक्तिहरू फेला पर्दछन् । यहाँ

भने बढी महत्त्वपूर्ण मान्न सकिने काव्यात्मक सन्दर्भहरूमा आधारित भएर यसमा प्रयुक्त वेदान्तदर्शनलाई नियाल्ने प्रयास गरिएको छ।

ब्रह्म भनेको चैतन्य स्वरूप, आनन्दमय छ। यो इन्द्रियभन्दा धरै माथि रहने अविनाशी तत्त्व हो। यही तत्त्व जीवको सबैभन्दा निकट रहन्छ। यसलाई बाहिरी आँखाले भेटाउन सकिन्न। त्यो तत्त्व प्राप्त गर्न आफैभित्रको आफ्नै स्वरूप चिन्न सक्नुपर्छ भन्ने मान्यता वेदान्तदर्शनले राख्दछ। यही भावाशयलाई तलका कवितांशमा दृष्टान्तसाथ यसरी प्रस्तुत गरिएको पाइन्छ -

स्फटिक् जस्तो जीव् हो शरिरहरू लाहा बुझिलिनू।
स्फटिक लाहाका सङ्‌ धरिकन त दृष्टान्त छ दिनू॥
लहाका सङ्‌ बस्ता स्फटिक म छु लाल् भन्छ जसरी।
शरिर् मर्दा मर्छू म पनि भनि जीव् भन्छ तसरी॥

स्फटिक्ले रातो छू भनिकन सुहावस् त उ पनि।
सुहावस् यस जिव्ले शरिर्सँगमा मर्छु म भनी॥
न ता जिव् मर्न्या हो शरिरसँग लागेर जनको।
न रातो हून्या हो स्फटिक सब खेल् जान मनको॥
(आचार्य, २०७०, पृ. ७८)

जीव र ब्रह्मको एकतालाई विश्वास गर्ने वेदान्तले जगत्‌लाई मिथ्या ठान्दछ। बाहिरी आँखाले देखिने जगत् जतिसुकै राम्रो र वास्तविक लागे पनि यथार्थमा यो डोरीलाई सर्प ठानेजस्तै भ्रम हो भन्ने मान्यता वेदान्तदर्शनमा पाइन्छ। यसरी ब्रह्म नै सत्य हो र यो आँखाले देखेको संसार भ्रम या झुटो हो अर्थात् 'ब्रह्म सत्यं जगन्मिथ्या' भन्ने वेदान्तदर्शनसम्बद्ध भाव तलका काव्यांशमा यसरी आएको छ -

आत्मा हो सुखरूप दुःखरूपको संसार् छ उसमा कहाँ।
अज्ञान्ले गरि मात्र सत्य रूपले झल्कन्छ आत्मामहाँ॥
ज्ञान्ले लिन् पनि हुन्छ डोरिकन साँप बुझ्नू छ जस्तो फगत्।
त्यस्तै ईश्वरमा अनेक् तरहको देखिन्छ यस्तो जगत्॥
(आचार्य, २०७०, पृ. २०४)

आत्मा सत्य, अविनाशी हो र जगत् साँच्चै मिथ्या हो, मानिस भौतिक संसारमा रमाई भ्रममा परेरै आत्माको सत्यता बुझ्न सकेको छैन। मानिसले सांसारिक तत्त्व केही जान्न बुझ्न नसके बरु ईश्वरकै भरोसी रहनु पर्छ, ईश्वर स्मरण मानव मात्रका लागि कल्याणमय छ, यसबाटै मोक्षको मार्ग खुल्छ भन्ने मत वेदान्तीहरूको देखिन्छ। यस्तै भावाशय यस महाकाव्यको अर्को श्लोकमा यसरी अभिव्यक्त भएको छ -

आत्मै मात्र छ सत्य यो सब जगत् झुटै छ झुटो पनि।
डोरी सर्प बुझ्यासरी बिबुझमा देखिन्छ साँचो भनी॥
जान्नु जानिइएन यो भनि भन्या मेरा चरणमा परी।
सेवा गर्नु र जान्दछन् नतर ता टर्दैन कस्तै गरी॥
(आचार्य, २०७०, पृ. २०५)

मानिसको जीवन छायाँतुल्य छ र यो जुनसुकै क्षणमा हराउन वा अल्पन सक्छ । धन र यौवन भनेको वर्षाको भेल हो, स्त्रीसुख भनेको पनि स्वप्नसरि नै हो । भौतिक सुख र भोगविलास भनेका आकाशमा विजुली चम्केसरि क्षणिक छन् । यस्तो वास्तविकतालाई बुझ्न नसकी मानिस भौतिक मोहमा रुमलिएको आशय वेदान्तदर्शनमा व्यक्त भएको पाइन्छ । मानिसको भौतिक शरीर नाशवान् वस्तु हो भन्ने वास्तविकतालाई नबुझेर मानिस भोगविलासको पछि लाग्छ, रिसको आहालमा डुब्छ अनि एक पल्ट मरिन्छ भन्ने सत्यलाई बिर्सेर सँधै लोभ र तृष्णाको जालोमा फँस्छ । यस्तो भौतिक सुखप्रतिको मोहले मुक्तिको मार्ग बन्द गराउँछ भन्ने भाव तलका कवितांशमा सघन रूपमा आएको छ । जुन वेदान्त दर्शनको मान्यताअनुरुप देखिन्छ -

सुन्यौ भाइ ! संसार्मा शरिर अति कच्चा छ जनको ।
शरिर् कच्चा जानी नगर तिमि रिस् कत्ति मनको ॥
सबै भोग चञ्चल छन् बिजुलिसरि एक् छिन् न रहन्या ।
विचार् यस्तो राखि सहु तिमि बडो हुन्छ सहन्या ॥

छायाँ तुल्य छ लक्ष्मि यौवन भन्या भेलै सरिको भनी ।
भन्छन् स्त्रीसुखलाई स्वप्न सरिको साँचो कुरा हो भनी ॥
यस्तै जानी पनि मनुष्यहरू सब् संसारमा भुल्दछन् ।
भुल्नैका वशले अनेक् फजितिले संसारि भै डुल्दछन् ॥ (आचार्य, २०७०, पृ. ३०)

वेदान्तदर्शनले मानव शरीर नाशवान वस्तु हो भन्ने मान्यता राखेको पाइन्छ । यो सत्य जानेर पनि मानिस आवेगमा मडारिएर भैतिक सुखको पछि लाग्छ । सधैं लोभ र तृष्णाको मोहमा रुमलिन्छ भन्ने आशय माथिका कवितांशमा स्पष्ट देखिन आएकोले यसमा वेदान्तवादी मान्यताको प्रयोग भएको ठहर्छ ।

शरीर नाशवान् छ, आत्मारूप अनन्त छ, अपार छ यसको नित्य ध्यानमा रमाउनु नै मुक्ति वा मोक्षको मार्गमा प्रवृत्त हुनु हो । मनुष्यले यही प्रारब्धलाई बुझ्नसक्नुपर्छ भन्ने मान्यता वेदान्तदर्शनको रहेको देखिन्छ । यस्तै मानिसले संसारका सम्पूर्ण पदार्थ मायिक र मिथ्या हुन् भनेर बुझ्नुपर्छ, आफ्नो प्रारब्धअनुसार चित्त बुझाउनुपर्छ । जे हुन लेखेको छ त्यो भएरै छाड्छ भन्ने वेदान्तदर्शनअनुकूल आशय तलको काव्यांशमा यसरी प्रकट भएको पाइन्छ -

येही पूर्ण अनन्त आत्म रूपको ध्यान् नित्य गर्दै रहोस् ।
जो प्रारब्ध छ बुझेर बलियो ई दुःखसुख् सब् सहोस् ॥
येही रित्सित दिन् बिताउँछ भन्या यो देह छुट्ला जसै ।
संसारका सब् दुःख छाडिकन त्यो लिन् हुन्छ मैमा तसै ॥
(आचार्य, २०७०, पृ. २०५)

मानिसको पाञ्चभौतिक शरीर नाशवान र क्षणिक छ । यो शरीर मायाले बनेको स्थूलोपाधिका रूपमा रहेको छ । जन्म भएपछि मृत्यु निश्चित छ, यो शाश्वत सत्य हो । ब्रह्म वा चैतन्य चेतन तत्त्वमात्र अमर छ र संसार पनि यसै चेतनाले प्लावित भई त्यसैका भरमा परेर अटुट रूपले चलेको छ भन्ने मान्यता वेदान्तदर्शनले राखेको देखिन्छ । यसर्थ मृत्युको भय र त्रासलाई तिरोहित गर्दै मृत्युमाथि विजय प्रप्त गरी ज्ञानका सहयोगले अजर अमर बन्न सकिने दार्शनिक भाव तलका श्लोकहरूमा यसप्रकार अभिव्यक्त भएको देखिन्छ -

मायाले त बन्यो शरीर सब यो आखिर छ मर्न्या पनि ।

देख्नू पञ्च महाभुतै छ सबमा यस्ता प्रकार्को बनी ॥
संसारको सुख दुःख साधन स्वरूप् देखिन्छ जो देह यो ।
स्थूलोपाधि भनी कहिन्छ सबले यो नाम् यसैको त हो ॥
(आचार्य, २०७०, पृ. २०३)

सत्कर्म नै मोक्षको मार्ग हो भन्ने मत वेदान्तदर्शनको देखिन्छ। कर्म गर्दा दृढ इच्छाशक्तिका साथ लौकिक तथा पारलौकिक भोग र कामनाको परित्याग गर्न सकेमा मात्र मनुष्य जीवन सफल हुने मान्यता यस दर्शनको छ । यसरी फलको आशा नगरी कर्म गर्न सक्नुपर्ने, यदि यसो हुन नसके जीवन विफल हुनजाने वेदान्तीय मान्यता तलको कवितांशमा यसरी आएको देखिन्छ -

फल् इच्छा गरि कर्म गर्छ यदि ता फेर् देह यस्तै लिई ।
त्यो फल् भोग् पनि गर्छ गर्छ अरु फेर् कर्मै बहुत् मन दिई ॥
तेस्को फेर् पनि बन्छ देह करले येसै जगत्मा परी ।
यस्तै रित् सति घुम्छ त्यो भुवनमा अत्यन्त चक्रै सरी ॥
(आचार्य, २०७०, पृ. २०२)

जसरी एकै पदार्थ सुन गहनाका रूपमा बदलिँदा हार, बुलाँकी, फुली अनेक नामले परिचित हुन्छ त्यसरी नै एउटै परमात्मा अनेक प्राणीका रूपमा फैलिएको देखिन्छ । सबै प्राणीमा परमात्माको बास छ । यो कुरा जान्न मानिसले आत्मालाई नै चिन्नुपर्छ, भौतिक सुखको लालसा उत्पन्न गराउने सम्पूर्ण इन्द्रियलाई जित्न सक्नुपर्छ, वेदका हरेक वाणीलाई बुझ्नुपर्छ। आत्मालाई साँच्चै चिन्नसके मात्र मानिस भित्र रहेको अज्ञानको भ्रम हटेर चैतन्य बोध हुन्छ भन्ने मत वेदान्तदर्शनमा पाइन्छ। यस्तै भावाशय तलका काव्यांशमा देखिएको छ -

यै आत्माकन चिन्न पर्छ गुरुका वेदका वचन्ले गरी ।
आत्मालाई चिन्यो भन्या बुझि लिनू त्यो मुक्त भो त्यस् घरी ॥
तस्मात् आत्म विचार गर्नु जनले यस् रूपका हुन् भनी ।
अज्ञान नष्ट गराउनाकन अवर् छैनन् उपाई पनि ॥

आत्मा यस् रित्ले चिनिन्छ पहिले एकान्तमा गै बसोस् ।
दस् इन्द्रीय जितेर मन् पनि जिती आत्मै विचारमा परोस् ॥
जानोस् जो छ जगत्प्रकाश सकल यो हो आत्मसत्ता भनी ।
येही तत्त्व बुझी त पूर्ण रुपको होइन्छ आफू पनि ॥
(आचार्य, २०७०, पृ. २०४)

चेतनाको अर्थ ज्ञान, चैतन्य हो । चेतनाले मात्र भौतिक मोहबाट छुटाएर देवत्व वा मोक्ष प्राप्तिको मार्गमा प्रवृत्त गराउँछ । आसक्तिले मोक्षको मार्ग बन्द गराउँछ र सत्कर्मले नै मोक्षउन्मुख बनाउँछ भन्नेजस्ता मतहरू वेदान्तदर्शनमा पाइन्छ। वेदान्तदर्शनमा अज्ञान वा अविद्याका कारण मानिस गुणहीन र पापी बनी सत्यलाई बिर्सेर दुःखी बन्दछ। अज्ञानवश उत्पन्न हुने यस्ता भ्रमलाई हटाउने एकमात्र उपाय नै विद्या हो भन्ने धारणा यस दर्शनमा व्यक्त भएको देखिन्छ। यस्तै प्राणीहरूमा उत्तम जुनी पाएको मानिसले सांसारिक यथार्थलाई बुझेर पाखण्ड र गुणहीन बनेर होइन सदाचारी बनेर र सत्कर्म गरेर जीउनु पर्छ भन्ने मत वेदान्तदर्शनमा देखिन्छ। यही मान्यताअनुरूपको भाव तलका काव्यांशमा यसरी आएको छ -

अज्ञान् नै छ घुमाउन्या सकलको शत्रुसरीको यहाँ ।
ज्ञानैले गरि नष्ट हुन्छ पनि सो लीनू यही मन्महाँ ॥
अज्ञानको र इ कर्मको छ कति फेर् तस्मात् क्रियाले गरी ।
अज्ञान् नष्ट हुँदैन छैन अरु थोक् उपाय यै ज्ञानसरि ॥

अज्ञान् नष्ट हवस् न राग् न त छुटोस् अज्ञानका कर्मले ।
कर्मै गर्छ त घुम्छ यै जगत्मा त्यै कर्मका धर्मले ॥
तस्मात् ज्ञान विचार गर्नु जनले ज्ञानूले कति पार् भया ।
ज्ञान् छाडीकन कर्मले जनहरू संसार पार्को गया ॥
(आचार्य, २०७०, पृ. २०२)

वेदान्तदर्शनमा ईश्वर छन् भन्ने मान्यता रहेको पाइन्छ । ईश्वर सर्वव्यापी, सगुण, निर्गुण र निराकार छन् र सबै प्राणीहरूमा सर्वात्मा रूपमा रहेका छन् भन्ने विश्वास वेदान्तीहरूको छ । ईश्वरको नाम सङ्कीर्तन गरियो भने सांसारिक बन्धनबाट मुक्ति मिल्छ, त्यसैले ईश्वरको नाम जप्नु पर्छ, वेदको अध्ययन चिन्तनमनन र ध्यान गर्नु आवश्यक छ भन्ने मत वेदान्तदर्शनमा पाइन्छ । यस्तो वेदवादी चिन्तन तलका काव्य पङ्क्तिहरूमा यसरी आएको देखिन्छ -

वेदान्तैकन सुन्नु गर्नु खुशी भै कीर्तन सदा नामको ।
सज्जनले सतसङ्ग गर्नु दिनदिन् सोभ्को भई कामको ॥
मेरो देह भनाउन्या अति ठूलो छोड्नु अहङ्कार पनि ।
यो मन् शुद्ध गराइ बुभ्कनु जति छन् सब धर्म मेरा पनि ॥

सब् प्राणीहरूमा म छु यति विचार् राख्नु असङ्गी भई ।
साँचो बोल्नु बडा मिल्या चरणमा पर्नू तुरुन्तै गई ॥
गर्नू दुःखी उपर समभया तिन्मा त मैत्री पनि ।
यो मन् श्द्ध गराइ बुभ्कनु जति छन् सब धर्म मेरा पनी ॥

सर्वात्मा म छु, येति जानि सब् जिवूलाई नमस्कार गरुन् ।
जीवात्मा परमात्म एक् बुभ्कि सदा अन्तः करणमा धरुन् ॥
मातर् ! मार्ग त तर्नलाई सजिलो यै हो छ यस्तै गरी ।
संसारमा कति पार् गया सहजमा संसारसागर तरी ॥
(आचार्य, २०७०, पृ. २१४)

यसरी ईश्वर सर्वव्यापी छन्, जे हुन् उनै हुन्, संसारको सारतत्त्व ईश्वरमै निर्भर छ र ईश्वरको अस्तित्व सर्वोच्च छ । यसर्थ जुनसुकै तरहले ईश्वरको स्मरण गरेमा मानवको कल्याण हुन्छ र मोक्षको मार्ग खुल्छ भन्ने वेदान्तीय मान्यता माथिका काव्यांशमा सघन ढङ्गले देखिएकोले यहाँ वेदान्तदर्शनको प्रयोग देखिन्छ ।

## निष्कर्ष

पौरस्त्य वाङ्मयमा विकसित आस्तिक दर्शनहरूमध्ये वेदान्तदर्शन एक हो । वेदको सार, ज्ञानको निचोड, जीवनको परमपुरुषार्थ प्राप्तिको साधन, सम्पूर्ण शास्त्रको मूल सिद्धान्त र दर्शनशिरोमणि अध्यात्म ज्ञानको पराकाष्ठा नै वेदान्त हो । अन्य आस्तिक दर्शनले जस्तै वेदान्तदर्शनले पनि मानव जीवनमा आत्मिक सुख, आनन्द र मोक्षको उपाय खोज्छ । यसमा ब्रह्म/आत्मा, जीव/जीवात्मा, ईश्वर, मोक्ष, ज्ञान, सुकर्म आदिका बारेमा सूक्ष्म विश्लेषण भएको पाइन्छ । यस किसिमको दार्शनिक चिन्तनलाई सर्जकद्वारा साहित्यिक विधा विशेषमा प्रयोग गरिँदै आएको तथ्य फेला पर्छ । यसै सन्दर्भमा भानुभक्त आचार्यको रामायण महाकाव्यमा पनि वेदान्तदर्शनको प्रयोग भएको देख्न सकिन्छ । यस महाकाव्य भित्रका विवेच्य श्लोकहरूमा भौतिक शरीर र वस्तु नाशवान् छन्, अज्ञान वा अविद्याका कारण मानिसले सुखको मार्ग पहिल्याउन सकेको छैन, इन्द्रियलाई बुद्धि र विवेकले वशमा पार्न सकेमात्र आत्मिक सुख, शान्ति प्राप्त हुन्छ र मोक्षमार्गमा प्रवृत्त हुन सकिन्छ भन्ने वेदान्तदर्शनद्वारा प्रतिपादित मतहरू स्पष्ट, सोझै र सघन किसिमले देखिएको छ । त्यस्तै ब्रह्म नै सम्पूर्ण हो, यो सृष्टि संहारक हो, यो सच्चिदानन्द स्वरूप छ, तृष्णाले दुःखको मार्गमा प्रवृत्त गराउँछ, विद्या वा ज्ञान नै मोक्षको मार्ग हो भन्नेजस्ता वेदान्तदर्शनका मूलभूत मान्यता एवम् विशेषताहरूको प्रयोग पनि यस महाकाव्यमा साङ्केतिक रूपले नभएर सीधै र सुन्दर ढङ्गले भएको पाइन्छ । यस दृष्टिले भानुभक्तको रामायण महाकाव्यमा वेदान्तदर्शनको प्रयोग भएको छ भन्न निःसन्देह सकिन्छ साथै वेदान्तदर्शनका दृष्टिले यो महाकाव्य महत्त्वपूर्ण र अध्येयसमेत देखिन आएको छ । यस महाकाव्यको रचनात्मक विशिष्टता पनि यही नै हो भन्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, कृष्णराज,(२०६६), *महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य,* पोखराःगण्डकी साहित्य सङ्गम ।

आचार्य, भानुभक्त, (२०७०), *भानुभक्तको रामायण,* सा.सं., ललितपुर : साझा प्रकाशन ।

गिरी, रामानन्द,(२०५५),*जनकदर्शनम्,* अनु.,रामहरि तिमिल्सिना, भक्तपुर :जनक शिक्षा सामग्री केन्द्र ।

गौतम, लक्ष्मणप्रसाद (२०७९), 'पूर्वीय वैदिक षड्दर्शन र यसका प्रमुख मान्यता' *गण्डकी वाङ्मय,* वर्ष १, अङ्क १, चापाकोट : गण्डकी वाङ्मय प्रतिष्ठान, पृ. १३८ - १६८ ।

गौतम, दीपक, (२०७०), *केही नाटक र काव्य समालोचना,* सुर्खेत : लेखक स्वयं ।

गौतम, दीपक, (२०७५), *महाकाव्य अध्ययन,* सुर्खेत : लेखक स्वयं ।

चट्टोपाध्याय, देवीप्रसाद, (सन् २०१०), *भारतीय दर्शन-सरल परिचय,* नई दिल्ली : राजकमल प्रकाशन ।

चालिसे, नारायण (२०७५), *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मानदण्डहरू,* काठ्माडौः ने. प्र. प्र. ।

ढकाल, मेघराज, (२०६८), *भक्तिकालीन नेपाली काव्यमा दार्शनिक चेतना,* विद्यावारिधि शोधप्रबन्ध, दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

पन्थ टङ्क, (२०७०), 'भानुभक्तीय काव्यप्रवृत्तिका विविध आयाम', *रजस्थल,* १७ : १५, स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान, पृ. ५२- ६३ ।

पराजुली, ठाकुर, (२०५२), 'नेपाली साहित्यका प्रथम अधिष्ठाता भानुभक्त र उनको रामकथा', *काव्य समालोचाना,* पूर्वाञ्चल साहित्य प्रतिष्ठान : विराटनगर, पृ.४६५-४७५ ।

पौडेल, विष्णुप्रसाद (२०७३), 'समाजको एकिकरणमा साहित्यको योगदान : सन्दर्भ भानुभक्त', *रचना,* सम्पा. रोचक घिमिरे,

वर्ष ५६, अङ्क ४, काठ्माडौ : टङ्गाल, पृ. ४२ - ५५ ।

प्रभात, विष्णु (२०७०), *प्रज्ञा दर्शन कोश,* काठ्माडौ : ने. प्र. प्र. ।

प्रश्रित, मोदनाथ (२०६९), *दर्शन र दृष्टिकोण,* काठ्माडौः माइलस्टोन प्रकाशन तथा प्रसारण लि. ।

प्रसाई, नरेन्दराज (२०७४), 'भानु जीवनी' *भानुविमर्श,* सम्पा. नरेन्द्रराज प्रसाई र महादेव अवस्थी, काठ्माडौ : एकता बुक्स ।

राधाकृष्णन, (सन् २००९), *भारतीय दर्शन,* भाग २, दिल्ली : राजपाल एण्ड सन्ज ।

विमल, राजेन्द्र,(२०७४), 'मैथिलीमा रामकाव्यको परम्परा, भानुभक्तीय रामायण र विदेह- दर्शन' *भानुविमर्श,* काठमाडौ : एकता बुक्स, पृ. २८४-३१८ ।

शर्मा चालिसे, मुकुन्द, (२०७०), 'भानुभक्तको रामायण : भक्तिकाव्यकारिताको कोणबाट हेर्दा', *हाम्रो पुरुषार्थ,* ४१ : ६१, गुल्मी : किरण पुस्तकालय पृ. २२२ - २२६ ।

शर्मा नेपाल, विनयकुमार, (२०५९), *नेपाली महाकवि र महाकाव्य,* काठमाडौ : भाभा प्रकाशन ।

सहाय, राजवंश (सन् २०१४), *संस्कृत साहित्य कोश,* वाराणसी : चौखम्बा विद्याभवन ।